# मिति २०८२/०७/२४ गतेको ६० औं कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं. १. अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरु समिक्षा गर्दा कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

निर्णय नं. २. माडी नगरपालिका क्षेत्रमा पशुपालन प्रोत्साहन कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले पेश भए बमोजिम हुने गरी पशुपालन प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ३. कृषि तर्फका कार्यक्रमहरुको कार्यान्वियन प्रकृयालाई व्यवस्थित बनाउन, बजेट खर्च प्रक्रियामा एक रुपता ल्याउन, कार्यक्रमहरु सुव्यवस्थित, पारदर्शी, प्रक्रियागत स्पष्टता एवं कृषकमैत्री वनाई कार्यान्विनय गर्न वाञ्छनीय भएकाले पेश भए बमोजिम हुने गरी माडी नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ४. माडी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा जनशक्ती व्यवस्थापन सम्वन्धमा पेश हुन आए बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा पुनरावलोकन गर्ने गरी अधिकृतस्तर छैटौं तहको दरवन्दीमा सरुवा भई आउन सहमति प्रदान गर्ने ।

निर्णय नं. ५. माडी नगरपालिकाको मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) सम्वन्धी निर्देशिका, २०८२ को दफा ३ को उपदफा (१) को क्र.सं. नं. (७), (१०) र (१२) वमोजिम क्रमशः तपसिल बमोजिमको संस्था/सदस्यहरु मनोनयन गर्ने ।

तपसिल

(क) नगर कार्यपालिकाले तोकेको स्थानीय तहमा क्रियाशिल संघ संस्थाको प्रतिनिधि १ जनाका लागि यस नगरपालिका क्षेत्रमा कार्यरत आफन्त नेपाल, गैरसरकारी संस्थाको १ जना प्रतिनिधि

(ख) स्थानीय महिला सञ्जालको १ जना प्रतिनिधिका लागि माडी-५, चितवन निवासी श्री सुभद्रा शर्मा

(ग) वडा सदस्यहरु मध्येबाट नगरपालिकाले मनोनयन गरेको २ जना महिलाका लागि वडा सदस्यद्वय माडी-९, चितवन निवासी श्री हरिमाया वि.क. र माडी-७, चितवन निवासी श्री गिता देवी वि.क.

निर्णय नं. ६. माडी नगरपालिका क्षेत्रमा वित्तिय साक्षरता कार्यक्रम सञ्चालनको लागि वडा/कार्यक्षेत्र छनौट सम्वन्धमा पेश भए अनुसार तपसिल बमोजिम गर्ने ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | २१ हप्ते वित्तीय साक्षरता कार्यक्रम | वडा नं. ३ र ५ |
| २ | ९० मिनेट वित्तीय साक्षरता कार्यक्रम | श्री सोमेश्वर माध्यमिक विद्यालय, श्री दिवाकर स्मृति माध्यमिक विद्यालय, श्री सगरमाथा माध्यमिक विद्यालय, श्री बह्मज्योती आधारभूत विद्यालय र श्री विद्याज्योती ई. स्कुल । |
| ३ | १ र ३ दिने वित्तीय साक्षरता कार्यक्रम | वडा नं. १ र २ |

तारा कुमारी काफ्ले महतो
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ७. माडी नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्रका लागि जग्गा प्राप्ति सम्बन्धमा माडी नगरपालिका वडा नं. ६ रामराज्यपुरमा जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ८. बघौडा अस्पतालको लागि जग्गा प्राप्ती सम्बन्धमा माडी नगरपालिका वडा नं. ३ साविक बघौडा गा.वि.स. वडा नं. ३ख को कित्ता नं. ९ को २१-१७-९ (एक्काईस विगाह सत्र कठ्ठा नौ धुर) आठ नम्बर प्रति जग्गा मध्ये माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवनले प्रयोग गरेको २-०-०, माडी क्याम्पस, बसन्तपुर, चितवनले प्रयोग गरेको १-१४-१०, बघौडा अस्पताल, बसन्तपुर, चितवनले प्रयोग गरेको १-१०-० र ०-१८-० गरी जम्मा २-८-०, माडी माध्यमिक विद्यालय, बसन्तपुर, चितवनले प्रयोग गरेको ८-१६-५ र ३-१-१०, मालपोत कार्यालय, बसन्तपुर, चितवनका लागि छुट्टयाइएको ०-३-०, नापी कार्यालय, बसन्तपुर, चितवनको लागि छुट्टयाइएको ०-३-०, माडी नगरपालिका, कृषि शाखा, बसन्तपुर, चितवनले प्रयोग गरेको ०-२-०, माडी नगरपालिका, पशुपंक्षी शाखा, बसन्तपुर, चितवनले प्रयोग गरेको ०-३-० र ईलाका प्रशासन कार्यालय, बसन्तपुर, चितवनका लागि छुट्टयाइएको ०-२-७ जग्गा नेपाल सरकारको नाममा श्रेस्ता कायम गर्न र उल्लेखित कित्ता नं. ९ को २१-१७-९ (एक्काईस विगाह सत्र कठ्ठा नौ धुर) मध्ये १-१०-० र ०-१८-० गरी जम्मा २-८-० (दुई विगाह ८ कठ्ठा) जग्गा बघौडा अस्पताल, बसन्तपुर, माडी, चितवनका नाममा लिजमा लिने प्रकृया अगाडी बढाउने ।

निर्णय नं. ९. जिल्ला निर्वाचन कार्यालय, चितवनको मिति २०८२।०७।१४, च.नं. २७ को पत्रानुसार अति आवश्यक देखिएको सहयोग प्रदान गर्ने ।

निर्णय नं. १०. स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ अनुसार यस माडी नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री प्रवीण भण्डारीलाई सातौं तहमा तहमिलान गर्ने ।

निर्णय नं. ११. माडी नगरपालिका १ नं. वडा अन्तर्गत लक्ष्मनियामा सिंचाई योजना सम्बन्धमा माडी नगरपालिका वडा नं.१, लक्ष्मुनिया टोल स्थित बिष्णु प्रसाद पंगेनीको खेतमा गाडिएको ८ इन्च बोरिंग "लक्ष्मुनिया बाटो बाँध तथा बोरिंग निर्माण उपभोक्ता समिति" ले आ.व. ०७४/०७५ मा निर्माण गरेको तर कार्यसम्पन्न नभएको अवस्थामा गाडिएको बोरिंगमा मोटर घर, विद्युत मिटर र मोटर जडान नभएको अवस्था देखिएको सम्बन्धमा कुनै जानकारी वा दावी विरोध आह्वान गरी ७ दिने दावी विरोध सम्बन्धी मिति २०८२।०४।११ को सार्वजनिक सूचना सम्बन्धमा कसैको दावी विरोध नपरेको हुँदा स्वीकृत लागत ईस्टमेट बमोजिमको सवमर्सिबल मोटर पम्प सेट स्थानीय लाभग्राहीको २०% लागत साझेदारीमा उपलब्ध गराउने ।

नगर कार्यपालिकाको कार्यालय माडी नगरपालिका बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२. झोलुङ्गे पुल माग सम्बन्धी नेपाल सरकार, शहरी विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल शाखाको प.सं. ०८२/०८३, च.नं. झो.पु./१५२, मिति २०८२।०६।२७ को पत्रानुसार यस माडी नगरपालिका क्षेत्रमा झोलुङ्गे पुलको आवश्यकता रहेको हुँदा उक्त निकायमा तपसिल बमोजिमको क्षेत्रका लागि झोलुङ्गे पुल माग गर्ने ।

तपसिल

(क) देउता खोला, माडी-१, चितवन

(ख) जोगी टोल देखि डेरी चोकसम्म, माडी-२, चितवन

(ग) रेडहिल पार्क देखि छरछरेसम्म, माडी न.पा. वडा नं. ४ र ५, चितवन

(घ) रामराज्यपुर लक्ष्मिनिवास देखि पुष्पमदन वाटिका जोड्ने बाटो चन्द्रेखोला माथी, माडी-६, चितवन

(ङ) बैकुण्ठ मन्दिर देखि धनलक्ष्मी छहरा जाने बाटो, माडी-८, चितवन

(च) बैकुण्ठ ट्र्याकमा सागबारी (वडा नं. ९) देखि बैकुण्ठधाम (वडा नं. ८) जाने बाटो, माडी, चितवन।

निर्णय नं. १३. कार्यविधि संशोधनका लागि सिफारिस सम्बन्धी नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा ८.१.क मा पूर्वाधार निर्माण तथा औजार उपकरण खरिदमा लागत अनुमान बढीमा ५०% लागत मात्र अनुदान उपलब्ध गराउन सकिने प्रावधान सम्बन्धमा यस माडी नगरपालिकामा उक्त कार्यक्रममा ५०% लागत साझेदारी गर्न सक्ने कुनै पनि संघ/संस्था तथा सहकारी नभएको भनी सम्बन्धित सरोकारवाला समुदायले नगरपालिकामा ध्यानाकर्षण समेत गराएकोमा अनुदान प्रवाहमा लागत साझेदारी प्रतिशत पुनरावलोकन गरी ८५% सम्म राखी कार्यविधि संशोधनको लागि नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा सिफारिस गर्ने ।

निर्णय नं. १४. माडी नगरपालिका अन्तर्गतको बघौडा अस्पतालको प.सं. २०८२/०८३, च.नं. २१४, मिति २०८२।०७।१२ को पत्रानुसार माग गरिएको बघौडा अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि आवश्यक प्रकृया अगाडी बढाउने ।

निर्णय नं. १५. वनकट्टा-कसरा सडक खण्डमा जेनजी आन्दोलनमा भएको सहमति अनुसार पहिलो चरणमा भएको सडक मर्मत संभार बापत उक्त सडक मर्मत संभारका लागि विनियोजित रकमबाट पेश भए बमोजिमको रकम रु.९,८५,४७३।-(अक्षरेपी नौ लाख पचासी हजार चार सय त्रिहत्तर रुपैया) भुक्तानी दिने ।

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८२।७।२४
प्रमुख प्रशासकीय अधिकृत